प्रति साधारण शेयर मुल्य रु.१००/- मा
प्रिमियम वापत रु.५५०/- थप गरि
प्रति शेयर रु.६५०/-
अंकित दरका ५,१०,९८८ किता
साधारण शेयरहरुको नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू)

दरखास्त दिनुपर्ने न्यूनतम किता : १० शेयर
दरखास्त दिनपाउने अधिकतम किता : १,००,००० शेयर

Shikhar Insurance
Happysurance

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
Shikhar Insurance Company Ltd.

केन्द्रीय कार्यालय, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौ
फोन नं. ०१-४२४६१०१/४२४६१०२, फ्याक्स नं. ०१-४२४६१०३
इमेलः shikharins@mos.com.np / वेभसाइट : www.shikharinsurance.com
को

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो।

यस कम्पनीको नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) गर्नका लागि इक्रा नेपाल लि. बाट "इक्रा एनपि आईपिओ ग्रेड ३" को प्रमाणपत्र प्राप्त गरेको छ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	: २०७२/८/१७ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७२/८/२१ गते (बैकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७२/९/०० गते (बैकिङ्ग समय पश्चात्)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.६५०/- प्रति शेयरको दरले

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७२/८/४ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७२/८/००

१. कम्पनीको नाम :

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड (Shikhar Insurance Company Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०५८ अन्तर्गत स्थापित भई बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ बमोजिम बीमा व्यवसायको कारोबार गर्ने इजाजत प्राप्त।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड (प्रधान) कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका शिखर विज सेन्टर, थापाथली, काठमाण्डौमा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका शिखर विज सेन्टर, थापाथली, काठमाण्डौमा रहेको छ। बीमा समितिको स्विकृती लिई नेपाल अधिराज्य भित्र वा विदेशमा आवश्यकतानुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ। यस कम्पनीले हाल निम्न कार्यालयहरु खोली कारोवार सञ्चालन गरी रहेकोछ :

केन्द्रीय कार्यालय थापाथली, **शाखा कार्यालयहरु (उपत्यका भित्र)**: थापाथली, न्युरोड, बसन्तपुर; एकान्तकुना, सातदोबाटो, ललितपुर **(उपत्यका बाहिर)**: विर्तामोड, झापा; विराटनगर, मोरङ्ग; इटहरी, सुनसरी, वीरगंज, पर्सा; नारायणगढ, चितवन; हेटौडा, मकवानपुर; पोखरा, कास्की; बुटवल, रुपन्देहीस नेपालगंज, बाँके लहान, सिराहा; तुलसिपुर, दाङ्ग; धनगढी, कैलाली; जुम्ला; बर्दिबास, महोत्तरी; डुम्रे, तनहुं; वालिङ्ग, स्याङ्जा; बट्टार, नुवाकोट; कपिलबस्तु, भैरहवा **(उपशाखा कार्यालय)** बैंक एसुरेन्स, कुमारी बैंक, न्युरोड, बैंक एसुरेन्स, ग्लोबल बैंक, कान्तीपथ, काठमाडौं।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः :

प्रचलित कम्पनी ऐन बमोजिम शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड बीमा ऐन, २०४९, बीमा नियमावली २०४९ तथा प्रचलित कानूनको अधिनमा रहि व्यवसायमा संलग्न व्यक्ति वा संस्थाहरुको संभावित जोखिमतालाई निर्जीवन बीमाको माध्यमबाट हित र सुविधा प्रदान गर्ने तथा देशमा बीमा सेवा उपलब्ध गराई आर्थिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मिति २०६१/०२/१५ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६१/०७/२६ मा बीमा समितिबाट बीमा व्यावसाय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६१/०७/२६ गते देखि कारोवार संचालन गरिरहेको छ। यस कम्पनीको संस्थापक संस्थाहरु बुद्ध एयर प्रा.लि., लोमस इन्भेष्टमेन्ट प्रा.लि. तथा वित्तीय/बैंकिङ्ग क्षेत्र, ब्यापार व्यवसाय एवं ब्यवस्थापनमा लामो समय देखि दखल भएका स्थानीय लब्ध प्रतिष्ठित ब्यक्ति तथा व्यवसायीहरु रहेका छन्। कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम बीमा ऐन,२०४९, बीमा नियमावली, २०४९ तथा अन्य प्रचलित कानूनको अधिनमा रहि कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम व्यवस्था गरिएको छ :

- क) प्रचलित कानूनको अधिनमा रही विभिन्न व्यवसाय, व्यक्ति वा संस्था वा निकायको सम्भावित जोखिमता लाई हरेक किसिमको जमानी तथा क्षतिपूर्ति समेत समावेश भएको निर्जीवन बीमा सम्बन्धी सम्पूर्ण प्रकारका बिमा व्यवसाय गर्ने।
- ख) आगलागी, भूकम्प, बाढीपहिरो लगायत प्राकृतिक विपत्तिबाट हुने खतरा, हानि तथा सम्पत्तिको नोक्सानीको सम्बन्धमा बीमा तथा पुनर्बीमाको व्यवसाय गर्ने।
- ग) यातायातको सम्बन्धमा यातायात साधनको बीमा (हवाईजहाज, मोटर, कार, ट्रक, बस, आदि) गर्ने एवं स्थल मार्ग, हवाई मार्ग एवं जल मार्गका यात्रुहरु एवं मालसामान, ब्यापारिक सामान समेतको बीमा तथा पुनर्बीमाको व्यवसाय गर्ने गराउने।
- घ) हरेक किसिमबाट हुने दुर्घटना सम्बन्धमा दुर्घटना बीमा अन्तर्गत ब्यक्ति बिशेषमा ज्यान मै खतरा वा शरीरका कुनै विशेष भागमा भएको वा हुने हानी नोक्सानी, शारीरिक वा मानसिक आघातका सम्बन्धमा बीमा वा पुनर्बीमाको काम गर्ने गराउने।
- ङ) डाँका, चोरी, ठगी, हुलदंगा वा घर फोडी सम्पत्ति हानि-नोक्सानी हुने सम्भाबित घटनाबाट बचाउन बीमा गर्ने गराउने तथा त्यस सम्बन्धमा संरक्षणको ब्यवस्था गर्ने गराउने।
- च) कारोबारको सिलसिलामा कम्पनीको प्रबन्ध र अन्य प्राविधिक सहयोगका लागि बीमा समितिको एवं सम्बन्धित निकायको स्वीकृति लिई स्वदेशी एवं बिदेशी बीमा कम्पनीसंग प्राबिधिक सेवा सम्झौता गर्ने।
- छ) बीमा सम्झौता गरेबापत प्राप्त भएको रकम बिभिन्न क्षेत्रमा लगानी गरी असुली गर्ने।
- ज) सम्पतिको संरक्षणका लागि तथा बिमित ब्यक्तिहरुको हित र सुबिधाका लागि बिभिन्न बीमा कम्पनीहरुका पुनर्बीमा स्वीकार गर्ने तथा पुनर्बीमा गराउने।

६. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

१. अधिकृत पूँजी :

यस कम्पनीको अधिकृत पूँजी रु.६०,००,००,०००/- (अक्षरुपी साठ्ठी करोड) रहेकोछ। जसलाई प्रति शेयर रु.१००/- दरले ६०,००,००० (साठ्ठी लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ।

२. जारी पूँजी :

यस कम्पनीको जारी पूँजी रु.४०,८७,८९,८००/- (अक्षरुपी चालिस करोड सतासी लाख उनान्नब्बे हजार आठ सय) रहेको छ। जसलाई प्रति शेयर रु.१००/- दरले ४०,८७,८९८ (चालिस लाख सतासी हजार आठ सय अन्ठानब्बे) थान साधारण शेयरमा बिभाजन गरिएको छ।

३. चुक्ता पूँजी :

यस कम्पनीको तत्काल चुक्ता पूँजी रु.३५,७६,९१,०००/- (अक्षरुपी पैंतिस करोड छयहत्तर लाख एकान्नब्बे हजार) रहेको छ। जसलाई प्रति शेयर रु.१००/- दरले ३५,७६,९१० (पैंतिस लाख छयहत्तर हजार नौ सय दश) थान साधारण शेयरमा बिभाजन गरिएको छ। स्वीकृत विवरणपत्र मार्फत नयाँ निष्काशन **(फर्दर पब्लिक इस्यु)** गरी साधारण शेयरको बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.४०,८७,८९,८००/- (अक्षरुपी चालिस करोड सतासी लाख उनान्नब्बे हजार आठ सय) हुनेछ।

७. नयाँ निष्काशन (फर्दर पब्लिक इस्यु) पश्चात संस्थाको चुक्ता पूँजीको संरचना :

नयां निष्काशन (फर्दर पब्लिक इस्यु) गरी बाँडफाँड गरे पश्चात संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

क्र.सं.	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क)	संस्थापक शेयरधनीहरु	१९,३१,५३१.४	४७.२५%	१९,३१,५३,१४०/-	शतप्रतिशत
ख)	संस्थापक शेयरधनीहरु	९,२९,९९६.६	२२.७५%	९,२९,९९,६६०/-	शतप्रतिशत
ग)	सर्वसाधारण शेयरधनीहरु	१२,२६,३७०	३०.००%	१२,२६,३७,०००/-	शतप्रतिशत
	जम्मा	४०,८७,८९८	१००%	४०,८७,८९,८००/-	

८. आधारभूत शेयरधनी/संचालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

सि.नं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१	विकास जंग बहादुर राणा	अध्यक्ष	५६	नेपाली	३२९०७५	भारतको एयरफोर्स एकेडेमीबाट आधारभुत पाइलट सम्बन्धि ग्रायाजुएट	**पूर्व अनुभवः** १९९४-१९९६ नेपाल एअरवेज हेलिकप्टर सर्भिसमा अपरेसन मेनेजर। १९९६-१९९८ नेपाल एअरवेज हेलिकप्टर सर्भिसमा महाप्रबन्धक। १९९८-२००७ फिस्टेल एअर प्रा.लि.मा अध्यक्ष। **हाल कार्यरतः** १. फिस्टेल एअर प्रा.लि.-अध्यक्ष २. शिखर इन्स्योरेन्स कम्पनी लि.-अध्यक्ष ३. फेवा डेभलपर्स प्रा.लि.-अध्यक्ष ४. इम्पेरियल डेभलपर्स-अध्यक्ष ५. एअरलाइन्स अपरेटर एसोसेशन -पूर्व अध्यक्ष
२.	बुद्ध एयर प्रा. लि. *कार्यकारी अध्यक्षः* सुरेन्द्र बहादुर बस्नेत *संचालकः* बीरेन्द्र बहादुर बस्नेत	संचालक		नेपाली	३२९०७५		
३	गौरब अग्रवाल का.म.न.पा -९, काठमाण्डौं	संचालक	३१	नेपाली	५३०४३७	बि.बि.एस	**पूर्व अनुभवः** औधोगिक क्षेत्रमा १० बर्ष भन्दा बढिको अनुभव। **हाल कार्यरतः** १. सनराइज सिटि होम्स प्रा.लि. २. सनराइज अपार्टमेन्ट ३. प्रिस्टाइन इन्भेष्टमेन्ट प्रा.लि. ४. अन्नपुर्ण इन्भेष्टमेन्ट प्रा.लि. ५. हर्मोन ट्रेडिङ कम्पनी प्रा.लि. ६. हर्मोन ट्राभल्स एण्ड टुर्स प्रा.लि. ७. शिखर इन्स्योरेन्स कम्पनी लि.
४	आं छिरीङ शेर्पा, जुमिङ-८, सोलुखुम्बु	संचालक		नेपाली	३२९०७५		**पूर्व अनुभवः** पर्यटन तथा उड्डयन क्षेत्रमा ३५ बर्ष भन्दा बढिको अनुभव। **हाल कार्यरतः** १. यति यअरलाइन्स प्रा.लि. २. थामसेर्कु ट्रेकिङ ३. यति माउन्टेन रिसोर्ट ४. शिखर इन्स्योरेन्स कम्पनी लि.
५	कैलाश प्रसाद सिरोहिया	संस्थापक	५१	नेपाली	१६५९६८	एम.वि.ए.	मिडिया सम्बन्धी कार्यअनुभव।
६	पबित्र कुमार कार्की	संस्थापक	४७	नेपाली	६८६७६	वि.कम.	पर्यटन व्यवशायमा कार्यअनुभव।
७	आङ्ग डेन्डी शेर्पा	संस्थापक	५३	नेपाली	४२९२३	प्रविणता प्रमाणपत्र	हवाई उद्योगमा कार्यअनुभव।
८	शेखर बस्न्यात	संस्थापक	५७	नेपाली	४२९२३	स्नातक	पर्यटन व्यवशायमा कार्यअनुभव।
९	दावा जाङ्बु शेर्पा	संस्थापक	५६	नेपाली	४२९२३	एसएलसी	३० बर्ष उड्डयन क्षेत्रमा कार्यअनुभव।
१०	विश्व जंगबहादुर राणा	संस्थापक	५८	नेपाली	२८६१६	वि.कम.	नेपाल प्रहरीमा ३० बर्ष कार्यअनुभव।
११	पिन्सो लामा	संस्थापक	५०	नेपाली	२८६१६		
१२	किशोर कुमार खनाल	संस्थापक	५५	नेपाली	१६६०३	स्नातक	स्वास्थ्य सेवामा कार्यअनुभव।
१३	राजेन्द्र प्रसाद श्रेष्ठ	संचालक	५०	नेपाली	१४३०७७	वि.कम.	**पूर्व अनुभवः** कार्पेट तथा पर्यटन क्षेत्रमा २३ बर्ष भन्दा बढिको अनुभव। **हाल कार्यरत** १. परि कार्पेट-कार्यकारी अध्यक्ष २. शिखर इन्स्योरेन्स कम्पनी लि.
१४	लोमस इन्भेष्टमेन्ट प्रा.लि १. प्रदिप जंग पाण्डे-अध्यक्ष २. प्रवल जंग पाण्डे-संचालक ३. प्रताप जंग पाण्डे-संचालक ४. प्रज्वल जंग पाण्ड-संचालक	संस्थापक			१४३०७७		
१५	संचिता स्वांर पाण्डे	संस्थापक	४३	नेपाली	१४३०७७	एम.एस.सी.	बैंकिङ्ग क्षेत्रमा ११ वर्षको कार्यअनुभव।
१६	अमिर प्रताप ज.ब. राणा	संस्थापक	४३	नेपाली	३६०३७	स्नातकोत्तर	१२ बर्ष व्यवशाय गरेको।
१७	जितेन्द्र वाहेती	संस्थापक		नेपाली	८५८४५	स्नातकोत्तर	५ बर्ष व्यवशाय गरेको
१८	ज्योतिप्रकाश पाण्डे	संस्थापक	५०	नेपाली	२८६१६	स्नातकोत्तर	२० बर्ष बैकिङ्ग सेवा।
१९	श्री रायमाझी (पाण्डे)	संस्थापक	४८	नेपाली	२८६१६	स्नातकोत्तर	
२०	किरण प्रकाश पाण्डे	संस्थापक	४८	नेपाली	७१५३८	वि.कम.	२५ बर्ष बैकिङ्ग सेवा।
२१	पवन कुमार अग्रवाल	संस्थापक	५४	नेपाली	७१५३८	एम.वि.ए.	व्यवशाय।
२२	पुष्प बहादुर के.सी.	संस्थापक	६६	नेपाली	२८६१६		सैनिक सेवा।
२३	सुधीर बाबु खत्री	संस्थापक	५५	नेपाली	२०२०७	एमई, एमविए	२४ बर्ष बैकिङ्ग सेवा।
२४	श्रृजना नेपाल	संस्थापक		नेपाली	१४,४१५		
२५	कमला बराल (ढुंगेल)	संस्थापक	४२	नेपाली	१४३०७	बि.एस.सि	स्वास्थ्य सेवामा कार्यअनुभव।
२६	रजिता मल्ल श्रेष्ठ	संस्थापक	३९	नेपाली	२८६१६	बि.बि.ए	९ बर्ष बीमा क्षेत्रमा कार्यअनुभव।
२७	धुव कुमार श्रेष्ठ	संस्थापक	५७	नेपाली	१२०१२	स्नातक	४३ बर्ष औद्योगिक क्षेत्रमा कार्यअनुभव।
२८	शशिकान्त अग्रवाल	संस्थापक	५४	नेपाली	३७०२४	स्नातकोत्तर	३५ बर्ष औद्योगिक क्षेत्रमा कार्यअनुभव।

संचालकहरुको विवरण

सि.नं.	नाम र ठेगाना	पद	शैक्षिक योग्यता	अनुभव (सम्वन्धित वा अन्य)
१.	विकास जंगबहादुर राणा कास्की-९	अध्यक्ष	भारतको एयरफोर्स एकेडेमीबाट आधारभुल पाइलट सम्वन्धि ग्रायाजुएट	**पूर्व अनुभवः** १९९४-१९९६ नेपाल एअरवेज हेलिकप्टर सर्भिसमा अपरेसन मेनेजर। १९९६-१९९८ नेपाल एअरवेज हेलिकप्टर सर्भिसमा महाप्रबन्धक। १९९८-२००७ फिस्टेल एअर प्रा. लि.मा अध्यक्ष। **हाल अनुभवः** १. फिस्टेल एअर प्रा.लि.-अध्यक्ष २. शिखर इन्स्योरेन्स कम्पनी लि.-अध्यक्ष ३. फेवा डेभलपर्स प्रा.लि.-अध्यक्ष ४. इम्पेरियल डेभलपर्स-अध्यक्ष ५. एअरलाइन्स अपरेटर एसोसेशन-पुर्व अध्यक्ष
२.	आं छिरी शेर्पा जुमिङ-८, सोलुखुम्बु	संचालक		पर्यटन तथा उड्डयन क्षेत्रमा ३५ बर्ष भन्दा बढिको अनुभव। **हाल कार्यरत** १. यति यअरलाइन्स प्रा.लि. २. थामसेर्कु ट्रेकिङ ३. यति माउन्टेन रिसोर्ट ४. शिखर इन्स्योरेन्स कम्पनी लि.
३.	रमेश कुमार लुईटेल जावलाखेल, ललितपुर-४ (बुद्ध एयरको तर्फबाट)	संचालक	बि.कम.	**पूर्व अनुभव** १९८७-१९८९ Lal Vij & Company New Delhi चार्टर्ड एकाउण्टेण्टस्मा कार्यरत १९८९-१९९१ Hardwyn Industrial Trading Corporation, New Delhi मा एकाउन्टेन्ट। १९९४-१९९७ BT निर्माण सेवा प्रा.लि.मा बरिष्ठ एकाउन्टेन्ट। १९९७ देखि हालसम्म बुद्ध एअर प्रा.लि.मा बरिष्ठ प्रबन्धक तथा कम्पनी सचिव हाल कार्यरत। संचालक-शिखर इन्स्योरेन्स कम्पनी लि.। **पूर्व अनुभवः** औद्योगिक क्षेत्रमा १० बर्ष भन्दा बढिको अनुभव।
४.	गौरव अग्रवाल का.म.न.पा.-९, काठमाण्डौ	संचालक	बि.बि.एस. लन्डन	**हाल कार्यरतः** १. सनराइज सिटि होम्स प्रा.लि. २. सनराइज अपार्टमेन्ट ३. प्रिस्टाइन इन्भेष्टमेन्ट प्रा.लि. ४. अन्नपुर्ण इन्भेष्टमेन्ट प्रा.लि. ५. हर्मोन ट्रेडिङ कम्पनी प्रा.लि. ६. हर्मोन ट्राभल्स एण्ड टुर्स प्रा.लि. ७. शिखर इन्स्योरेन्स कम्पनी लि.
५.	राजेन्द्र प्रसाद श्रेष्ठ का.म.न.पा.-१३, काठमाण्डौ	संचालक	बि. कम.	**पूर्व अनुभवः** कार्पेट तथा पर्यटन क्षेत्रमा २३ बर्ष भन्दा बढिको अनुभव। **हाल कार्यरतः** १. परि कार्पेट-कार्यकारी अध्यक्ष २. शिखर इन्स्योरेन्स कम्पनी लि.
६.	इन्द्र प्रसाद कर्माचार्य शनि अर्जुन न.पा.-७ झापा	संचालक	बि.कम., डि.पि.ए.	**पूर्व अनुभवः** राष्ट्रिय बीमा संस्थानमा १६ बर्ष-अधिकृत, राष्ट्रिय बीमा संस्थानमा ४ बर्ष -नायव महाप्रबन्धक, राष्ट्रिय बीमा संस्थानमा ३ बर्ष ७ महिना-महाप्रबन्धक, नेको इन्स्योरेन्समा ५ बर्ष-सल्लाहकार, नेको इन्स्योरेन्समा ३ बर्ष-प्रेसिडेन्ट। **हाल कार्यरतः** हाल शिखर इन्स्योरेन्स कम्पनी लि.मा - स्वतन्त्र संचालक
७.	स्कन्द अमात्य स्वयम्भु वडा नं. १५	संचालक	एम.बि.ए.	**हाल कार्यरतः** मल्टी ट्रेडिङ्ग प्रा.लि. - प्रवन्ध संचालक शेखर ट्रेडिङ्ग कन्सर्न - प्रोप्राईटर

९. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

"क" समूहका संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मनोनित वा निर्वाचित संचालकहरु :	४ जना
"ख" संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मनोनित वा निर्वाचित संचालकहरु प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	२ जना
"ग" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	१ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	८ जना

नोटः संस्थापक शेयरधनीहरुको तर्फबाट मनोनित वा निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा संस्थापक समूहका शेयरधनीहरुले मात्र भाग लिई मतदान गर्न पाउने छन् भने सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा सर्वसाधारण समूहका शेयरधनीहरुले मात्र भाग लिई मतदान गर्न पाउने छन्। उपरोक्त ब्यवस्था बमोजिम निर्वाचित/मनोनित संचालकहरुले आफु मध्येबाट बहुमतको आधारमा एक जना अध्यक्षको मनोनयन गर्नेछन्।

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यवस्था :

यस इन्स्योरेन्स कम्पनीको नियमावलीको नियम १३ मा व्यवस्था भए अनुसार इन्स्योरेन्स कम्पनीको संचालक हुनका लागि यस इन्स्योरेन्स कम्पनीको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनुपर्नेछ। यस्तो शेयर लिने ब्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन। तर स्वतन्त्र संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने गरी मनोनयन गरेको संचालकको हकमा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन।

१०. सिमित दायित्व सम्बन्धी विवरण :

शिखर इन्स्योरेन्स कम्पनी, कम्पनी ऐन, २०६३ तथा बीमा ऐन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरवालाहरुको दायित्व सीमित छ। यस इन्सोरेन्स कम्पनीका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ।

११. विगत ५ बर्षको लेखापरीक्षण भएको वित्तीय विवरण :

वासलात

विवरण	वास्तविक (रु.हजारमा)				
	आ.व. २०६७/०६८	आ.व. २०६८/०६९	आ.व. २०६९/०७०	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२
श्रोत					
१ चुक्ता पूँजी	१२५,०००.००	१२५,०००.००	१७५,०००.००	२९७,७७२.००	३५७,६९१.००
२ जगेडा तथा कोष	४०,७१२.७५	६५,९८१.६७	५६,६२६.३५	८४,२४७.७२	१३५,५४७.२२
३ बीमा कोष	६२,८८१.४०	९२,३६५.२४	१३२,१३९.७७	१९७,०३२.५८	३२०,४२२.२२
४ महा-विपत्ती जगेडा	-	-	-	७,३३३.१३	१९,८६८.८७
५ तिर्न बाँकी दिर्घकालीन ऋण तथा सापट	३०,२४६.२८	-	-	-	-
कूल स्रोत	२५८,८४०.४३	२८३,३४६.९१	३६३,७६६.१२	५८६,३८५.४३	८३३,५२९.३१
उपयोग	-	-	-	-	-
६ स्थिर सम्पत्ति (खुद)	२४२,५२४.५२	२३८,९२१.५४	२२५,२०५.२४	२२१,४०५.४२	२०७,५९३.५०
७ दिर्घकालिन लगानी	५६,६२६.४३	७८,८७६.४३	७१,४३५.५२	१४०,७८२.७३	२२१,७४२.००
८ दिर्घकालिन कर्जा	-	-	-	-	-
चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु	-	-	-	-	-
९ नगद तथा बैंक मौज्दात	९०,३३६.८५	८५,४६१.४६	४४,२०७.९५	७७,४०७.५५	१०८,२४९.१०
१० अल्पकालिन लगानी	२३१,०७०.००	२३७,५७०.००	३६०,९४५.००	४६०,४५०.००	६७०,७१७.००
११ अल्पकालिन कर्जा	-	-	-	-	-
१२ अन्य सम्पत्ति	१४३,४७२.०१	३८४,०८४.५४	४६३,३९१.०६	४७६,७९०.११	४८१,९८७.०१
जम्मा (क) (९+१०+११+१२)	४६४,८७८.८६	७०७,११६.००	८६८,५४४.००	१,०१४,६४७.६६	१,२६०,९५३.११
चालु दायित्व तथा व्यवस्थाहरु	-	-	-	-	-
१३ चालु दायित्व	२७७,८३०.०३	४४२,२६१.७७	४३४,१८२.६४	३३२,१११.४७	२६०,३२९.५९
१४ असमाप्त जोखिम वापत व्यवस्था	१०१,०९७.६२	१३८,५२८.१६	१७०,६४१.१५	२३२,३९७.२०	३३२,१२८.७६
१५ भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	८०,३९१.१०	१०५,४७४.७३	१२२,३५२.२८	१२०,७८६.३५	१४४,९४३.६२
१६ अन्य व्यवस्था	४७,२३२.८५	५७,४३२.९६	७५,८१६.७२	१०६,३७९.२४	१२०,२३२.०३
जम्मा (ख) (१३+१४+१५+१६)	५०६,५५१.६०	७४३,६९७.६१	८०२,९९२.७७	७९१,६७४.२६	८५७,६३४.००
१७ खुद चालु सम्पत्ति (ग) = (क) - (ख)	(४१,६७२.७५)	(३६,५८१.६१)	६५,५५१.२३	२२२,९७३.४०	४०३,३१९.११
१८ अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	१,३६२.२२	२,१३०.५५	१,५७४.१४	१,२२३.८८	८७४.६९
१९ नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-	-	-
कूल उपयोग (६+७+८+१७+१८+१९)	२५८,८४०.४३	२८३,३४६.९१	३६३,७६६.१२	५८६,३८५.४३	८३३,५२९.३१

नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)				
	आ.व. २०६७/०६८	आ.व. २०६८/०६९	आ.व. २०६९/०७०	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२
आय विवरण					
१ आय व्यय हिसाब बाट सारेको नाफा/(नोक्सान)	८७,०८१.५७	८९,५२७.३४	१३३,४३७.२३	१९८,३९०.४१	३१७,७३८.०९
२ लगानी, कर्जा तथा अन्यबाट आय	१०,३४५.०४	१९,७२३.६७	१६,९७५.३४	२१,९२४.२८	५०,५७९.२२
३ व्यवस्था फिर्ता	७८२.६६	-	२२३.७९	१४८.०५	-
जम्मा आम्दानी (क)	९८,२०९.२७	१०९,२५१.०१	१५०,६३६.३६	२२०,४६२.७४	३६८,३१७.३१
खर्च विवरण					
५ व्यवस्थापन खर्च	७,०७५.९९	९,७८९.५४	१०,५२६.१६	१२,२७५.५२	१४,६५२.११
६ अपलेखन खर्च	१७०.१५	२७८.५२	५५६.४१	५५०.४६	३४९.१८
७ शेयर सम्बन्धि खर्चहरु	-	-	४००.००	३५२.८०	५००.००
८ नोक्सानीको लागि व्यवस्था	८४०.२५	३,६८९.९७	७,८९०.३२	९७९.११	-
९ कर्मचारी बोनस व्यवस्था	८,१९२.९९	८,६८१.१८	११,९३३.०४	१८,७५४.९९	३२,०७४.१८
१० आयकर व्यवस्था	२५,६९५.१३	२९,२९६.२७	३६,८८३.८३	५६,४२२.७४	७३,९६२.५५
जम्मा खर्च (ख)	४१,९७४.५०	५१,७३५.४७	६८,१८९.७७	८९,३३५.६१	१२१,५३८.०३
खुद मुनाफा/नोक्सान ग = (क - ख)	५६,२३४.७७	५७,५१५.५४	८२,४४६.६०	१३१,१२७.१३	२४६,७७९.२८
११ बीमा कोषमा सारेको	(२७,८६४.७६)	(२९,४८३.८३)	(३९,७७४.५४)	(६४,८९२.८१)	१२३,३८९.६४
१२ अघिल्लो वर्षसंग सम्बन्धित खर्च	(४६५.३६)	(१३१.२०)	(१८५.२८)	(२२३.९७)	-
१३ अघिल्लो वर्षबाट सारिएको नाफा/(नोक्सान)	७२५.३३	२८,१२४.७३	४,८४५.७८	७,३२०.९३	१,९६७.८०
बाँडफाँडको लागी उपलब्ध रकम	२८,६२९.९७	५६,०२५.२३	४७,३३२.५६	७३,३३१.२८	१२५,३५७.४३
१४ क) स्थगन कर जगेडा	(५०५.२४)	१,४५२.१३	(२,८९७.५२)	(१,३४१.५२)	-
ख) पूँजीगत जगेडा	-	-	-	-	-
ग) विशेष जगेडा	-	-	-	-	-
घ) अन्य जगेडा	-	-	-	-	-
ङ) प्रस्तावित लाभाँश	-	-	-	-	-
अ. बोनस शेयर	-	(५०,०००.००)	(३५,०००.००)	(५९,५५४.४०)	-
आ. नगद लाभांस	-	(२,६३१.५८)	(१,८४२.११)	(३,१३४.४४)	-
च) महा-विपत्ती जगेडा	-	-	-	(७,३३३.१३)	(१२,५३५.७४)
१५ वासलातमा सारेको नाफा/(नोक्सान)	२८,१२४.७३	४,८४५.७८	७,५९२.९३	१,९६७.८०	११२,८२१.६९
शेयर संख्या (हजारमा)	१,२५०	१,२५०	१,७५०	२,९७७.७२	३,५७६.९१
प्रति शेयर आम्दानी (रु.)	४४.९	४६	४७	४४	६९

१२. आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरण:

वासलात

विवरण	प्रक्षेपित (रु.हजारमा)		
	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५
श्रोत			
१ चुक्ता पूँजी	४०८,७९०	४०८,७९०	४०८,७९०
२ जगेडा तथा कोष	६१३,०४७	६९७,२३५	१,१२५,३६२
३ बीमा कोष	४०८,७९०	४०८,७९०	४०८,७९०
४ महा-विपत्ती जगेडा	५४,२३३	१२९,९९५	२५३,३२७
५ तिर्न बाँकी दिर्घकालीन ऋण तथा सापट	-	-	-
कूल स्रोत	१,४८४,८६०	१,६४४,८१०	२,१९६,२६९
उपयोग			
६ स्थिर सम्पत्ति (खुद)	२०२,०७७	१८९,९२३	१७९,२७९
७ दिर्घकालिन लगानी	१३६,०६७	१७४,०६७	२६४,०६७
८ दिर्घकालिन कर्जा			
चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु			
९ नगद तथा बैंक मौज्दात	११०,४१४	११२,६२२	१४६,००१
१० अल्पकालिन लगानी	१,५२०,२७३	१,८८२,९३७	२,२१३,६६८
११ अल्पकालिन कर्जा	-	-	-
१२ अन्य सम्पत्ति	५३०,२८३	४७६,०५६	६६१,९६६
जम्मा (क) (९+१०+११+१२)	२,१६०,९७०	२,४७१,६१६	३,०२१,६३६
चालु दायित्व तथा व्यवस्थाहरु			
१३ चालु दायित्व	१९९,९४९	१९४,६३८	१८०,६३५
१४ असमाप्त जोखिम वापत व्यवस्था	४६१,९१५	५६०,०९०	६१५,८९२
१५ भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	१८८,४२७	२२६,११२	२४८,७२३
१६ अन्य ब्यवस्था	१६४,६२१	२१०,३९७	२२३,६८८
जम्मा (ख) (१३+१४+१५+१६)	१,०१४,९११	१,१९१,२३८	१,२६८,९३९
१७ खुद चालु सम्पत्ती (ग)= (क)-(ख)	१,१४६,०५८	१,२८०,३७८	१,७५२,६९७
१८ अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	६५९	४४२	२२६
१९ नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान			
कूल उपयोग (६+८+१७+१८+१९)	१,४८४,८६०	१,६४४,८१०	२,१९६,२६९

नाफा नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु.हजारमा)		
	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५
आय विवरण			
१ आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	४६६,८११.६२	६३२,१६४.०८	७८१,०४८.७५
२ लगानी, कर्जा तथा अन्यबाट आय	५५,६७३.२४	९१,९२३.७१	१०७,८५८.१७
३ व्यवस्था फिर्ता	-	-	-
जम्मा आम्दानी (क)	५२२,४८४.८६	७२४,०८७.८०	८८८,९०६.९२
खर्च विवरण	-	-	-
५ व्यवस्थापन खर्च	१८,५६६.५५	२१,०७२.८८	२३,८५४.१२
६ अपलेखन खर्च	२१६.१२	२१६.१२	२१६.१२
७ शेयर सम्बन्धी खर्चहरु	३,८६०.७१	-	-
८ नोक्सानीको लागि व्यवस्था	-	-	-
९ कर्मचारी बोनस व्यवस्था	४५,४४०.१४	६३,८९०.८०	७८,६२१.५२
१० आयकर व्यवस्था	१३५,२१२.१६	१९०,५६४.१६	२३४,७५६.३१
जम्मा खर्च (ख)	२०३,२९५.६८	२७५,७४३.९५	३३७,४४८.०६
खुद मुनाफा/नोक्सान ग = (क - ख)	३१९,१८९.१९	४४८,३४३.८४	५५१,४५८.८६
११ बीमा कोषमा सारेको	(८८,३६७.५८)	-	-
१२ अघिल्लो वर्षसंग सम्बन्धित खर्च	-	-	-
१३ अघिल्लो वर्षबाट सारिएको नाफा/(नोक्सान)	११२,८२१.६९	३०९,२७८.९७	६८१,८६०.५३
बाँडफाँडको लागि उपलब्ध रकम	३४३,६४३.३०	७५७,६२२.८१	१,२३३,३१९.३९
१५ क) स्थगन कर जगेडा	-	-	-
ख) पूजीगत जगेडा	-	-	-
ग) विशेष जगेडा	-	-	-
३) अन्य जगेडा	-	-	-
ङ) प्रस्तावित लाभाँश	-	-	-
अ. बोनस शेयर	-	-	-
आ. नगद लाभांस	-	-	-
च) महा-विपत्ती जगेडा	(३४,३६४.३३)	(७५,७६२.२८)	(१२३,३३१.९४)
१६ वासलातमा सारेको नाफा/(नोक्सान)	३०९,२७८.९७	६८१,८६०.५३	१,१०९,९८७.४५

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल

विवरण	वास्तविक					प्रक्षेपित		
	आ.ब. ०६७/०६८	आ.ब. ०६८/०६९	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१ चुक्ता पूँजी	१२५,०००	१२५,०००.००	१७५,०००.००	२९७,७७२.००	३५७,६९१.००	४०८,७८९.८०	४०८,७८९.८०	४०८,७८९.८०
२ जगेडा तथा कोषहरु	४०७१२.७४	६५,९८१.६७	५६,६२६.३४	८४,२४७.७१	१३५,५४७.२१	६११,९४२.३२	६९६,२४०.४४	१,१२४,४६६.८७
३ बीमा कोष	६२८८१.३९	९२,३६५.२३	१३२,१३९.७७	१९७,०३२.५७	३२०,४२२.२२	४१०,०१८.२१	४१०,०१८.२१	४१०,०१८.२१
४ महा-विपत्ती जगेडा	-	-	-	७,३३३.१२	१९,८६८.८७	५४,११०.३६	१२९,७६२.०९	२५२,९९४.५२
५ तिर्न बाँकी दिर्घकालीन ऋण तथा सापट	-	-	-	-	-	-	-	-
खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ)	२२८,५९४	२८३,३४६.९०	३६३,७६६.११	५८६,३८५.४२	८३३,५२९.३१	१,४८४,८६०.६८	१,६४४,८१०.५४	२,१९६,२६९.४०
६ घटाउने : स्थगन खर्च	१३६२.२२४	२,१३०.५५	१,५७४.१३	१,२२३.८७	८७४.६९	६५८.५७	४४२.४५	४४२.४५
कूल नेटवर्थ	२२७,२३२	२८१,२१६.३५	३६२,१९१.९७	५८५,१६१.८४	८३२,६५४.६१	१,४८४,२०२.११	१,६४४,३६८.०८	२,१९६,०४३.०६
७ शेयर संख्या (हजारमा)	१२५०	१,२५०.००	१,७५०.००	२,९७७.७२	३,५७६.९१	४,०८७.९०	४,०८७.९०	४,०८७.९०
८ प्रति शेयर नेटवर्थ (रु.)	१८१.७९	२२४.९७	२०६.९७	१९६.५१	२३२.७९	३६३.०७	४०२.२५	५३७.२१
९ नेटवर्थमा औषत प्रतिफल	२४.६०%	२०.४५%	२२.७६%	२२.४१%	३०%	२२%	२७%	२५%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				२८.३०%				

नोटः माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता इन्स्योरेन्स कम्पनीको हालको दक्षता र निष्काशनकर्ता इन्स्योरेन्स कम्पनले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था बि.के अग्रवाल एण्ड कम्पनी, काठमाण्डौले प्रमाणित गरेकोछ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरुः

विवरण	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५
बीमा शुल्कमा बृद्धिदर			
अग्नि बीमा	५०%	२०%	१०%
सामुन्द्रिक बीमा	५०%	१५%	१०%
मोटर बीमा	४०%	२०%	१०%
इन्जिनियरिङ बीमा	२०%	५%	५%
हवाई बीमा	१०%	५%	५%
कृषि बीमा	१५०%	२५%	१०%
विविध बीमा	४०%	१५%	१०%
कर्मचारी खर्च	३५%	२०%	२०%
अन्य व्यवस्थापन खर्च	३%	३%	३%
मुद्दती निक्षेपमा व्याजदर	६%	७%	८%
शेयर लगानीमा प्रतिफल	२०%	२०%	२०%

१३. अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

- *क) वित्तीय साधनको अभावबाट हुने जोखिम :* सो नभएको।
- *ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :* लागु नहुने।
- *ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :*
  - देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
  - पुनर्बिमा कम्पनीको कम्पनी/नेपालको बीमा बजार प्रतिको विश्लेषणमा हुने जोखिम
- *घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम :* लागु नहुने।
- *ङ) विदेशी विनिमयको जोखिम :*
  - देशको बैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।
- *च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :* लागु नहुने।
- *छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :*
  अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
- *ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :*
  - नेपाल सरकार तथा बीमा समिति को नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
- *झ) सञ्चालन अनुभवको अभाव :*
  - मिति २०६१/७/२६ गते देखि इन्स्योरेन्स कम्पनीले आफ्नो बीमा व्यवशाय/कारोवार संचालन गरेकोले इन्स्योरेन्स कम्पनीको संचालन इतिहास करिव १० बर्षको रहेकोछ
- *ञ) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :*
  - नयाँ प्रविधिको विकास सँगै इन्स्योरेन्स कम्पनीले प्रयोग गर्ने प्रविधिमा हुने परिबर्तनले पर्न सक्ने संचालन तथा साखः सम्बन्धी जोखिम।
- *ट) अन्य :*

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछः

- अण्डरराईटिङ्ग विभागद्वारा उचित जोखिम मुल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने
- अनुभवि तथा दक्ष जनशक्तिद्वारा उचित दावी व्यवस्थापन गर्ने
- बीमा समितिद्वारा जारी लगानी निर्देशिका अनुरुप लगानी गर्ने
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखा परिक्षकले औल्याएका कैफियतहरु सुधार गर्दै लैजाने
- बीमा समितिले जारी गरेको संस्थागत सुशासन तथा अन्य निर्देशिकाहरु पालना गर्दै आई रहेको र परेका चुनौतीहरुलाई व्यवस्थापन गर्दै अगाडी बढ्ने।

धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिमः

रु.१००/- प्रति शेयरका दरले निष्काशनमा प्रिमियम रु.५५०/- थप गरि प्रति शेयर रु.६५०/- कायम गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

- *क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :* स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
- *ख) अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :* शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँटपत्र (Allotment Letter) र रकम फिर्ता भुक्तानी दिइनेछ।
- *ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :* "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यबस्था अनुसार तोकिएको समयावधि भित्र बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ।
- *घ) धितोपत्रको बाँडफाँड तथा प्रमाण पत्र जारी सम्बन्धी प्रकृया र समयावधी :* धितोपत्र निष्काशन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी ब्यबस्था अनुसार नयां निष्काशन गरिएको शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र शेयर प्रमाणपत्र वितरण गरिनेछ।
- *ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :* नयां निष्काशन गरिने शेयर सूचिकरण भैसकेको छैन।
- *च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :* नयां निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी ब्यबस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी ब्यबस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको ब्यबस्था मिलाइनेछ।

१५. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरणपत्र मार्फत जारी गरिने नयां शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन।

२. दरखास्त दिंदा इन्स्योरेन्स कम्पनीले तोकेको निर्दिष्ट ढांचामा आफुले खरिद गर्न चाहेको शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ। यसरी दरखास्त दिंदा दरखास्तवालाले दरखास्त फाराममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटो सहित नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नु पर्नेछ। यसरी दरखास्त दिंदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफुले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनु पर्नेछ। नाबालकको हकमा आवेदन दिंदा नेपाल सरकारको पञ्जीकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

३. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

४. दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फाराममा उल्लेख गरिएको नीजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ।

५. सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स, लाजिम्पाट, काठमाण्डौको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ। शेयर बिक्री बन्द भएको १५(पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।

६. रु.५०,०००/- हजार भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ। एकाउन्ट पेयी चेक मार्फत आवेदन दिने आवेदकहरुले :क्ष्च ऋजत्रगभ मार्फत मात्र आवेदन दिनु पर्नेछ।

७. रु.१०,००,०००/- सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१०,००,०००/- भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ। साथै रु.१० लाख रुपैंया वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नु पर्दछ।

८. आवेदन फारम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नु पर्नेछ।

९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

१०. संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन्। यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन। संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फाराममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ।

११. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त ब्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

१२. बाँडफाँडबाट कायम शेयरधनीहरुलाई शेयर प्रमाणपत्र दिंदा दरखास्तवालाले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने ब्यवस्था रहेकोले शेयर प्रमाणपत्र लिन आवेदकले आफ्नो नागरिकताको सक्कल प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ।

१३. कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि सहित कम्पनी वा संस्थाको प्रमुखको मुखाकृति स्पष्ट देखिने फोटो समेत समावेश गरी दरखास्त दिनु पर्नेछ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ।

१६. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम र ठेगाना	फोन नं.	सम्पर्क ब्यक्ति
१	एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं	४००५०८०	अनिल मर्हजन
२.	नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको केन्द्रीय कार्यालय तथा सम्पूर्ण शाखा कार्यालयहरु		
३.			

यस नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) को क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाईनेछ र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयर खरिदका लागि दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएका निवेदनहरुलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ।शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।

१७. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	नाम, ठेगाना	खाता नं.
१.	नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौं।	

साथै आवश्यकता अनुसार निष्कासन बन्द भएको मितिले ३ (तीन) दिन भित्र वोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

१८. साधारण शेयरको बिक्री खुल्ला अबधि :

स्वीकृत विवरणपत्रद्वारा नयां निष्काशन (फर्दर पब्लिक इस्यू) द्वारा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट बढिमा १५ दिन सम्म खुल्ला रहनेछ। नयां निष्काशन (फर्दर पब्लिक इस्यू) द्वारा जारी गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ।

१९. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाब सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाएको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्नेछन्ः फोन नं. ४००५०५८ फ्याक्स नं. ४००५०८४, E-mail: badri@niblcapital.com, amita@niblcapital.com।

दरखास्त फारामको नमूना

प्रति दरखास्त फारम रु.२/-

Shikhar Insurance
Happysurance

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
Shikhar Insurance Company Ltd.
केन्द्रीय कार्यालय, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौ
फोन नं. ०१-४२४६१०१/४२४६१०२, फ्याक्स नं. ०१-४२४६१०३
इमेलः shikharins@mos.com.np / वेभसाइट : www.shikharinsurance.com
को

साधारण शेयर खरिद दरखास्त फाराम

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पोबनं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

दरखास्त फाराममा निवेदकको आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

फोटो अनिवार्य

कोड नं. ☐☐☐

सि.नं.

श्री संचालक समिति,
शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
थापाथली, काठमाण्डौ, नेपाल।

साधारण शेयर वापतको रकम ड्राफ्ट मार्फत जम्मा गर्दा ड्राफ्टको पछिल्लो भागमा दरखास्त नम्बर र दरखास्तवालाको नाम स्पष्टसंग उल्लेख गर्नु पर्नेछ। साथै आवेदन फाराममा ड्राफ्ट नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

महाशय,
त्यस कम्पनीको मिति २०७२/८/४ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा प्रति साधारण शेयर मूल्य रु.१००/- मा प्रिमियम वापत रु.५५०/- थप गरि प्रति शेयर रु.६५०/- अङ्कित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु.६५०/- को दरले रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं। त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम		मिति	२०७२/ /	
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.		
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.		
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम						
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा			खाता नं.			
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक				
	In English	Mr./Mrs./Miss/Minor				USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.		घर नं.	गा.वि.स./न.पा.		जिल्ला
Permanent Address	Ward No.		House No.	VDC/Municipality		District
सम्पर्क ठेगाना						
P.O. Box No.		P.O. Box District		नागरिकता प्रमाण-पत्र नं.		
PAN No.		Contact. No.		नागरिकता जारी गरेको स्थान		
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा					
	In English					USE CAPITAL LETTER
बाबुको नाम						
Father's Name						
बाजेको नाम						
Grandfather's Name						
पति/पत्नीको नाम						
संरक्षकको नाम (नावालकको हकमा)						
Guardian's Name (Incase of minor)						

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन। साथै मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरू र यस दरखास्त फाराममा खुलाएको विवरण साँचो हो। म/हामी यस कम्पनीको संस्थापक, सञ्चालक तथा नीजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/गर्दछौं। झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ।

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

पुनश्चः १. आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडीपट्टी रहेको बुँदा नं. १४ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ।
२. आवेदक संस्था भएमा कार्यकारी प्रमुखको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ।

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name				
Company's Name	SHIKHAR INSURANCE COMPANY LTD.			
No. of Shares Applied		Call Money per Share	Rs.650	Amount Deposited (Rs.)
Amount in Words				

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date:
Stamp
Code No. ☐☐☐

चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ

१) बाँडफाँडमा नपरेका शेयर बापतको रकम फिर्ता लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। २) आवेदकलाई रकम फिर्ता दिंदा बैंक वा वित्तीय संस्थामा रहेको आवेदकको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिइनेछ। ३) आवेदकलाई बाँडफाँडमा नपरेको साधारण शेयर बापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदकको पहिचान गरेर मात्र रकम दिइनेछ। ४) आफु उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडी मञ्जुरीनामा दिने र लिने दुबैले दस्तखत गरी यो रसिदका साथै मञ्जुरीनामा पाउने व्यक्तिको कुनै आधिकारीक परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com